# नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको

## नोट सटही सम्बन्धी सूचना

बडा दशैं २०७३ को उपलक्ष्यमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागद्वारा सदाझैं बैंक तथा वित्तीय संस्थाहरु, सर्वसाधारण नागरिक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निजामती सेवा लगायतका निकायहरुलाई नयाँ तथा सुकिलो नोट सटही सुविधाको लागि निम्नानुसारको व्यवस्था मिलाइएको व्यहोरा जानकारी गराइन्छ ।

१) नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई बैंकको थापाथली परिसरबाट २०७३ आश्विन ९ गते देखि १४ गतेसम्म सटही सुविधा प्रदान गरिने छ । यसरी नेपाल राष्ट्र बैंकबाट प्राप्त खुद्रा नोटहरुलाई बैंक तथा वित्तीय संस्थाहहरुले २०७३ आश्विन १६ गते देखि सर्वसाधारणका लागि उपलव्ध गराउनु पर्ने छ ।

२) सर्वसाधारण नेपाली नागरिकहरुका लागि २०७३ आश्विन १६ गते देखि प्रति व्यक्ति अधिकतम रु. ३७,०००।- का दरले बैंकिङ्ग कारोवार समयभित्र नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका सटही काउण्टरहरुबाट सटही सुविधा प्रदान गरिने छ ।

३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल सरकार, निजामती सेवाका कार्यालयहरुलाई समेत सम्बन्धित निकायको पत्र र उपलव्धताको आधारमा मुद्रा व्यवस्थापन विभाग थापाथलीको काउण्टरबाट २०७३ आश्विन १६ गतेदेखि नोट सटही सुविधा उपलव्ध गराईने छ ।

४) यस बैंकका उपत्यका बाहिरका कार्यालयहरु र यस बैंक मातहत संचालित नोटकोष रहेका वाणिज्य बैंकहरुले समेत २०७३ आश्विन १६ गतेदेखि सर्वसाधारणहरुलाई नयाँ तथा सुकिला नोट सटहीको सुविधा उपलव्ध गराउनु पर्ने छ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

note satahi 73